२०७७

# क्वारेन्टाइन अध्ययन तथा अनुगमन प्रतिवेदन



क्वारेन्टाइन अनुगमन, अध्ययन
तथा छानविन समिति
उत्तरगया गाउँपालिका, रसुवा
२०७७।०५।१७

यस कार्यालयको च.नं. १८७ मिति २०७७।०५।१२ गतेको पत्र तथा उत्तरगया गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यूबाट गठित समितिका पदाधिकारीहरु

| | |
|---|---|
| गा.पा. उपाध्यक्ष श्री चमेली गुरुङ | संयोजक |
| १ नं. वडा अध्यक्ष श्री बम बहादुर तामाङ | सदस्य |
| २ नं. वडा अध्यक्ष श्री खुवा बहादुर गुरुङ | सदस्य |
| ३ नं. वडा अध्यक्ष श्री लाल बहादुर तामाङ | सदस्य |
| ४ नं. वडा अध्यक्ष श्री केशर बहादुर बुलुन | सदस्य |
| ५ नं. वडा अध्यक्ष श्री इश्वर थापा | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख श्री रविन्द्र कुमार ठकुरी | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन खड्का | सदस्य सचिव |

रहने गरी अनुगमन, अध्ययन र छानविन गर्नका लागि समिति गठन गरी मिति २०७७।०५।१८ गतेसम्म समितिले कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्न निर्देशन भएबमोजिम उक्त समितिका पदाधिकारीहरु यस गा.पा. का ५ वटै वडामा स्थापना भएका क्वारेन्टाइनहरुको फिल्ड स्तरमा अध्ययन तथा अनुगमन गरी यस गा.पा. का अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यू समक्ष मिति २०७७।०५।१७ गते दिन यो प्रतिवेदन पेश गरेका छौं ।

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

वर्तमान सन्दर्भमा कोभिड १९ कोरोना भाइरसको माहामारी फैलिरहेको अवस्थामा रसुवा जिल्लाको उत्तरगया गाउँपालिका यसबाट अलग रहन सकेन । कोरोना भाइरसको महामारीबाट बच्न/बचाउनको लागि स्थानीय सरकारले विभिन्न पहल कदमहरु  अगाडि बढाएको छ । सोही बमोजिम यस उत्तरगया गाउँपालिकाले नेपाल सरकारले २०७६ चैत्र ११ गते देखिको लकडाउन (बन्दाबन्दी) गर्ने निर्णय भए अनुसार यसगाउँपावलकाले पनि उक्त निर्णणलाई कडाइका साथ पालना गर्ने/गराउने क्रममा विभिन्न कामहरु सम्पादन भएका छन । बेत्रावती तथा मैलुङमा हेल्थ डेस्क स्थापना गरी स्वास्थ्यकर्मीद्वारा रसुवा प्रवेश गर्ने व्यक्तिहरुको ज्वरो जाँच्ने तथा स्वास्थ्य परिक्षण गरी व्यक्तिगत विवरण लिने गरिएको छ । खाल्टे स्थित गाउँपालिका कार्यालय नजिकै डिस्इन्फेक्सन गरी २४ घण्टापश्चात मात्र रसुवाको विभिन्न स्थानमा प्रवेश गर्न दिइनु पनि कोभिड १९ को संक्रमन रोकथामको लागि यस गाउँपालिकाको उल्लेखनिय कार्य रहेको थियो ।

सङक्रमण समूदायमा फैलिन नदिनको लागि गाउँपालिकाभित्र क्वारेन्टाइन निर्माण गर्ने निर्णयो गरियो । जसअनुसार मिति २०७६।१२।१० मा बसेको कार्यपालिकाको निर्णय बमोजिम वडा नं. १,२ र ३ को लागि डाँडागाउँ मा.वि. मा र वडा नं. ४ र ५ को लागि नीलकण्ठ मा.वि. बोगटीटारमा बनाउने निर्णय भएको तर नीलकण्ठ मा.वि. नजिकको स्थानीय समूदायमा कोरोना भाइरसप्रति रहेको डर, त्रास र भ्रमको कारण नीलकण्ठ मा.वि.मा क्वारेन्टाइन स्थापना गर्न सकिएन । तत्काल क्वारेनटाइन निर्माण गर्नुपर्ने बाध्यताको अवस्थामा कार्यपालिकाको निर्णयलाइ कार्यान्वयन नगरी नीजि निवासमा क्वारेन्टाइन राखिएपछि थप सृजना भएको समस्या् र विवादले आजको दिनसम्म आइपुग्दा पटक-पटक विवादहरु झेल्नुपरेको छ । सुरुको अवस्थामा गाउँपालिकाको निर्णय बमोजिम नीलकण्ठ मा.वि. मा स्थापना गर्न सकेको भए यस्ता विवाद नहुन सक्थ्यो । बनाइएको क्वारेन्टाइनमा छिमेकी राष्ट्रबाट आएको स्थानीयलाई राख्न नदिइएपछि उत्पन्न भएको समस्यालाई समाधान गर्नका लागि तत्कालै पुनः मिति २०७७।०२।१५ गते गाउँकार्यपालिकाको बैठकले निर्णय गरि ५ वटै वडामा क्वारेन्टाइन स्थापना गर्न निर्णय भयो । सोही निर्णय बमोजिम वडा नं. १ मा चिप्लेटी प्रा.वि., वडा नं. २ मा डाँडागाउँ मा.वि., वडा नं. ३ मा भूमेदेवि मा.वि., वडा नं. ४ मा भुवनेश्वरी प्रा.वि. र वडा नं. नीलकण्ठ मा.वि. मा निर्माण गर्ने निर्णय भयो ।

कोभिड १९ को विश्व्यापी माहामारी बिरुद्ध यस गाउँपालिकाद्वारा लकडाउन घोषणा पछि असार मसान्तसम्म भए गरेका प्रमुख क्रियाकलापहरुलाई यस प्रकार रहेका छन्:

(क) निशुल्क एम्बुलेन्स सेवा सञ्चालन

(ख) गाउँपालिकाको वडा नं. २ मा १६ वेड, वडा नं. ५ मा १६ वेड तथा अन्य तीन वटै वडामा १० /१० वडाको क्वारेन्टाइन स्थापना, सञ्चालन तथा व्यवस्थापन,

(ग) निसंक्रमण (डिस्इन्फेक्सन) टनेल स्थापना तथा सञ्चालन,

(घ) असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्गलाई राहत उपलब्ध गराउनको लागि कार्यविधि तयार गरेको साथै यस गाउँपालिकामा रहेका श्रमिक तथा भुकम्पबाट विस्थापित परिवारलाई दुइ चरणमा गरि करिव ३,१०० घरपरिवारलाई राहत वितरण

(ङ) गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था लगायत स्थानमा Hand Washing Corner स्थापना

(च) गाउँपालिका र यस अन्तर्गतका कार्यालयहरुमा मास्क, सानिटाइजर, सावुनको आपूर्ती

(छ) कोभिड १९ को रोकथाम तथा बच्ने उपाय सम्बन्धी जनचेतना तथा प्रचार-प्रसारको लागि माइकिङ

(ज) अत्यावश्यक कामको लागि सवारी आवागमनमा सहजीकरण

(झ) स्वास्थ्यकर्मीको परिचालन, व्यवस्थापन तथा सहजीकरण

(ञ) सुरक्षा निकाय तथा विभिन्न विकास साझेदार एवं सामाजिक संघ संस्थासँग समन्वय तथा सहकार्य

(ट) बजेट विनियोजन तथा रकमान्तर

(ठ) बेत्रावती तथा मैलुङमा २/२ जना प्रहरी र स्वास्थ्यकर्मी खटाई हेल्थ डेस्क स्थापना गरी Travel history लिने कार्य गरेको

(ड) स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा एम्बुलेन्स चालकको लागि पिपिइ सेट, मास्क, थर्मगन लगायतका स्वास्थ्य सामग्री उपलब्ध गराइएको ।

(ढ) कोभि १९ को रोकथाम तथा नियन्त्रण गर्न जनप्रतिनिधि, कर्मचारी, विभिन्न संघ संस्था, उत्तरगयाबासी दाजुभाई तथा दिदीबहिनी हरुले नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डलाई पूर्ण रुपमा पूर्ण रुपमा परिपालना गर्दै यस कार्यमा आपसी सहयोग र सदभावबाट मात्र यो कार्य सफल हुन गएको छ ।

## १.२ उदेश्य

यस क्वारेन्टाइन अध्ययन, अनुगमन तथा छानविन समितिको उदेश्य निम्न बमोजि रहेका छन :

### १.२.१ साधारण उदेश्य:

- गाउँपालिका अन्तर्गत सवै वडामा सञ्चालित क्वारेन्टाइनहरुको व्यवस्थापन तथा संचालनको अवस्थाको अनुगमन र अध्ययन गरी आवश्यक सुधारको लागि प्रतिवेदन पेश गर्ने ।

### १.२.२ विशिष्ट उदेश्यहरु:

- गाउँपालिकाका ५ वटै वडामा स्थापना भएका क्वारेन्टाइनहरुको स्थलगत अनुगमन गरी सकारात्मक तथा सुधार गर्नुपर्ने पक्षको गथार्थ विवरण पेश गर्ने,
- वडामा सञ्चालनमा रहेका क्वारेन्टाइनमा रहेका कमी-कमजोरी हटाई थप व्यवस्थित कसरी बनाउने बारे वडा स्तरिय विपद् व्यवस्थापन समितिसँग छलफल तथा अन्तर्क्रिया गर्ने,
- क्वारेन्टाइन तथा आइसोलेसनमा रहेका व्यक्तिहरुसँग भेटी हौसाला बढाउने तथा परामर्श गर्ने,
- गत आ.व. मा कोभिड १९ रोकथामको लागि गाउँपालिकाबाट भएको खर्चको प्रतिवेदन गर्ने,
- सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा व्यक्त टिका-टिप्पणीको बारेमा आम जनतामा यथार्थ सूचना सम्प्रेषण गर्ने ।

## १.३ अध्ययन तथा अनुगमनको विधि:

- फिल्ड अनुगमन
- स्थलगत अवलोकन
- अन्तर्क्रिया तथा छलफल
- व्यक्तिगत अन्तर्वाता

## १.४ समितिको कार्यक्षेत्र :

- यस गाउँपालिकाको पाँच वटै वडामा स्थापना तथा सञ्चालन भएको क्वारेन्टाइनको फिल्ड स्तरमा अध्ययन, अवलोकन गरि बस्तुस्थितिको विश्लेषण तथा आगामी दिनको लागि मार्गनिर्देशन तथा सुझाव प्रस्तुत गर्ने ।

# परिच्छेद २: अवस्था विश्लेषण

## २.१ क्वारेन्टाइनको अवस्थाबारे

### २.१.१ सकारात्मक पक्षहरु (समग्रमा)

- क्वारेनटाईनमा भएका व्यक्तिको हरेक दिन स्वास्थ्य परिक्षण गर्ने, आवश्यक परामर्श दिने गरिएको ।
- आवश्यता अनुरुप थप स्वास्थ्य सेवाको लागि रिफरको व्यवस्था मिलाएको ।
- क्वारेन्टाइनको अवस्था तथा रहेका व्यक्तिहरुको रजिस्ट्रेसन तथा डिस्चार्जबको बारे नियमित अध्यावधिक गर्ने गरिएको ।
- स्वास्थ्य सम्बन्धि केही जटिलता भएमा नजिकको स्वास्थ्य संस्था संग समन्वय गरी उपचार व्यवस्था मिलाएको ।
- २४ घण्टा एम्बुलेन्स सेवाको सुनिश्चिता गरिएको ।
- क्वारेनटाईनमा रहेका बालबालिका, जेष्ठ नागरिक, गर्भवती सुत्केरी महिला तथा दिर्घरोगीहरुका लागि आवश्यक स्वास्थ्य सेवा तथा औषधीको व्यवस्था गरिएको ।
- क्वारेनटाईन स्थलमा व्यक्तीगत सरसफाई सामाग्रीहरु किट उपलब्ध रहेको ।
- नुहाउन र हात धुनका लागि पर्याप्त सफा पानी तथा साबुनको व्यवस्था रहेको
- अनिवार्य मास्क तथा सानिटाइजर लगाउने व्यवस्था गरिएको ।
- क्वारेनटाईन खालि भए पश्चात २४ घण्टा सम्म प्रयोगमा नल्याउने र सफाई पश्चात मात्र प्रयोग गर्ने गरिएको ।
- क्वारेनटाईन स्थलमा सफा खानेपानी तथा स्वस्थ खानेकुराको व्यवस्था रहेको ।
- एक खाट देखि अर्को खाटको विच दुरी १ मिटर वा सो भन्दा बढी रहेको ।
- आवश्यकता अनुसार झुलको व्यवस्था रहेको ।
- भौतिक दुरी कायम राख्दै शारिरीक व्यायाम, मनोपरामर्श सम्बन्धि क्रियाकलाप सञ्चालन गरिएको ।
- क्वारेनटाईन स्थलमा प्रवेश गर्नुपर्ने अवस्थामा व्यक्तिगत सुरक्षा साम्रगी अनिवार्य रुपमा लगाउने गरिएको ।

- क्वारेनटाईनमा रहने व्यक्तिहरुको क्वारेनटाईनमा राख्नु पुर्व र क्वारेटाईनबाट जादा स्वास्थ्य अवस्था जाँच अनिवार्य गरि रिर्पोट गर्ने गरिएको ।
- स्वास्थ्यकर्मी, सुरक्षाकर्मी को प्रवन्ध भएको ।
- क्वारेनटाईनमा डसविनको व्यवस्था भएको ।
- गाउँपालिकाको एमबुलेन्स प्रयोग गरी काठमान्डौं तथा अन्य स्थानबाट गाउँपालिकाबासीलाई निःशुल्क उद्धार गरी ल्याइएको,
- वडा स्तरिय क्वारेन्टाइन व्यवस्थापन समितिका अध्यक्ष, सचिव तथा सदस्यहरु अहोरात्र खटिई सेवा गरेको,
- भुकम्पबाट विस्थापित सम्पूर्ण घर परिवारलाई खाद्यान्न राहत उपलब्ध गराएको,
- लकडाउनको सममयमा खाद्यान्न संकट परेको समूदायलाई खाद्यान्न वितरण गरेको

**२.१.२ चुनौती तथा सुधार गर्नुपर्ने पक्षहरु (समग्रमा)**

- क्वारेन्टाइनमा प्राथमिक उपचार सामाग्रीको व्यवस्था मिलाउने,
- क्वारेन्टाइनबाट निस्किएको फोहरलाई तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन गर्ने,
- क्वारेनटाईन स्थलमा कोभिड १९ को संक्रमणबाट जोगिनको लागि सवै व्यक्तिले भौतिक दुरी कायम राख्नुपर्ने तथा मास्क, सानिटाइजरको नियमित रुपमा प्रयोग गर्नुपर्ने,
- जिल्ला भित्र तथा जिल्ला बाहिरबाट हुने आवातजावतलाई नियन्त्रण तथा उचित व्यवस्थापन गर्नुपर्ने,
- विद्यालय सञ्चालन गनुपर्ने भएमा क्वारेन्टाइनको लागि वैकल्पिक स्थानको खोज गर्नुपर्ने,
- क्वारेन्टाइन स्थलमा आगन्तुक पुस्तिका राख्ने,
- कोभिड १९ को जनचेतना तथा स्वास्थ्य मन्त्रालयद्वारा जारी सावधानीहरुका उपायहरुलाई कडाइका साथ पालना गर्न/गराउन शिक्षकहरु परिचालन गर्न सकिने ।
- क्वारेन्टाइन बस्ने व्यक्तिहरुले पालना गर्नुपर्ने आचार संहिता तथा स्वास्थ्य सम्बन्धी सावधानीहरु कडाइका साथ पालना गर्ने/गराउने तथा आचारसंहिता तथा स्वास्थ्य सावधानीका विषयहरु उल्लेख गरि फ्लेक्स बोर्ड बनाई टास गर्नुपर्ने

- क्वारेन्टान स्थलमा सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन नं. टास गर्नुपर्ने
- क्वारेन्टाइनमा खाना र खानाको तालिका बनाई लागु गर्ने,
- जिल्ला बाहिरबाट आउने सवै गाउपालिकाबासीहरुलाई वडा अनुसार आ–आफ्नै वडाको क्वारेन्टाइनमा राख्ने,
- अन्य स्थानीय तहकाका व्यक्तिहरुलाई सम्बन्धित स्थानीय तहसँग समन्वय गरी आआफ्नै ठाउँको क्वारेन्टाइनमा पठाउने,
- कोरोना संक्रमण भइ रोगका लक्षण देखिएका व्यक्तिलाई तुरुन्त अस्पतालमा आइसोलेसन गरि उपचार गर्नुपर्ने भएकोले रेफरल अस्पताल तोकीनुपर्ने,
- वडा स्तरिय विपद् व्यवस्थापन समितिले क्वारेन्टाइनको नियमित अनुगमन गरी सामासजक सचेतनाका कायृहरु गर्नुपर्ने,
- क्वारेन्टाइनमा स्वास्थ्यकर्मीहरु नियमित रुपमा बसी मनोपरापर्श तथा क्वारेन्टाइमा रहेने व्यक्तिहरुको थप निगरानी गर्नुपर्ने,
- वडा नं. ५ को स्थानीय समुदायले नीलकण्ठ मा.वि. मा भएको क्वारेनटाइनको बारेमा वादविवाद गरि नकारात्मक प्रचार भएको देखिएको हुँदा भोलीका दिनमा समूदायले क्वारेन्टाइन राख्नका लागि सहयोग र सौहार्दपूर्ण वातावरणको सृजना गर्नुपर्ने,
- मिति २०७७।२।१० गतेको कार्यपालिकाको निर्णय अनुसार नीलकण्ठ मा.वि. मा राख्ने भनिएको क्वारेनटाइन व्यक्तिको नीजि निवासमा राखिएको कारण समस्या उत्पन्न भएकोले आगामी दिनमा सहमती, सहकार्य, समन्वय र सह-अस्तित्वलाई आत्मसाथ गर्दै अगाडि बढ्नुपर्ने,
- छिमेकी राष्ट्रबाट आएको स्थानीय व्यक्तिलायृ निर्माण गरिएको क्वारेन्टाइनमा बस्न नदिइएपछि उत्पन्न विवादले जटिलता थपिएको कारणले आफ्नो जनतालाई वैदेशिक मुलुकबाट आउदा पालिकाले निर्माण गरेको क्वारेन्टाइनमा राख्नुपर्ने,
- अनुगमन समितिले स्थलगत अध्ययन तथा अनुगमन गर्न क्वारेनटाइन गएको स्थानीयबासी सँग क्वारेन्टाइनको अवस्था तथा गर्न सकिने सुधारको बारेमा स्थानीयले अनुगमनमा रहेका पदाधिकारीसँग अभद्र व्यवहार गरेकोले स्थानीयबासीले कोभिड १९ यस संकटको समयमा गाउँपालिका, वडा, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मी सक्दो सहयोग तथा सहकार्य गर्ने,

- कोभिड-१९ को विश्वव्यापी माहामारीको बेलामा मिडिया जगतले समेत आफ्नो पेशागत उत्तरदायित्व र नैतिकता विपरित सत्यतथ्य नबुझी एकपक्षीय ढंगले समाचार छपाई/प्रशारण गरेको,
- कोभिड-१९ अन्तर्गत खर्च भएको रकम तथा राहत वितरणका लाभग्राहीको विवरण समेत पहिले नै वेव साइटमा राखिसकिएको अवस्थामा भ्रम सिर्जना हुनेगरी पत्रकारीता र आम सञ्चारको मर्म अलिकति पनि ख्याल नगरी समाचार छापेको/प्रशारण गरेको ।

### २.१.३ सकारात्मक तथा सुधार गर्नुपर्ने पक्षहरु वडागत रुपमा

**(क) वडा नं. ३ ठुलोगाउँ : भुमेदेवि मा.वि क्वारेन्टाइन**

| सकारात्मक पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| ✓ महिला तथा पुरुष को लागि अलग अलग सौचालय रहेको तथा अपांगमैत्री सौचालय रहेको,<br>✓ इन्टरनेट, खेल मैदानको सुविधा रहेको,<br>✓ फोहोरमैला व्यवस्थापन राम्रो रहेको,<br>✓ क्वारेन्टाइन घेरवार अवस्था राम्रो रहेको,<br>✓ क्वारेन्टाइन थप गर्नुपरेमा पऱ्याप्त भवन तथा कोठाहरु रहेको<br>✓ आइसोलेसन बनाउनको लागि पऱ्याप्त कोठा तथा थप सौचालय बनाउन पऱ्याप्त स्थान रहेको,<br>✓ क्वारेन्टाइनमा बस्नेहरुको लागि खाना तथा खाजाको राम्रो व्यवस्था भएको, | ✓ क्वारेन्टाइन स्थलमा ब्यानर राख्नुपर्ने,<br>✓ कोभिड १९ को सूचना तथा जानकारी झल्किने फ्लेक्स तथा पोष्टरहरु टास्नुपर्ने,<br>✓ क्वारेन्टाइनबाट डिस्चार्ज भएपछि बेड नि:सङ्क्रमण गर्नुपर्ने,<br>✓ क्वारेन्टाइन रहेको कोठाहरुको सरसफाइ गर्नुपर्ने । |

(ख) वडा नं. २ डाँडागाउँ : डाँडागाउँ मा.वि क्वारेन्टाइन

| सकारात्मक पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| ✓ महिला तथा पुरुष को लागि अलग अलग सौचालय रहेको तथा अपांगमैत्री सौचालय रहेको,<br>✓ इन्टरनेट, खेल मैदानको सुविधा रहेको,<br>✓ फोहोरमैला व्यवस्थापन राम्रो रहेको,<br>✓ क्वारेन्टाइन घेरवार अवस्था राम्रो रहेको,<br>✓ आइसोलेसन बनाउनको लागि पर्याप्त कोठा तथा थप सौचालय बनाउन पर्याप्त स्थान रहेको,<br>✓ क्वारेन्टाइन स्थल प्रहरी चौकी तथा वडा कार्यालयबाट नजिकै रहेको,<br>✓ क्वारेन्टाइन स्थल २४ घण्टा सिसिटिभीको निगानीमा रहेको,<br>✓ क्वारेन्टाइनमा बस्नेहरुको लागि खाना ता खानाको राम्रो व्यवस्थापन भएको, | ✓ क्वारेन्टाइन रहेको कोठाहरुको सरसफाइ गर्नुपर्ने ।<br>✓ आइसोलेसन बनाउनुपरेको अवस्थामा अलग शौचालय बनाउनुपर्ने,<br>✓ क्वारेन्टाइन स्थलमा फर्निचरहरु व्यवस्थित गर्नुपर्ने, |

(ग) वडा नं. १ सल्लेटार: चिप्लेटी प्रा.वि. क्वारेन्टाइन

| सकारात्मक पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| ✓ महिला तथा पुरुष को लागि अलग अलग सौचालय रहेको तथा अपांगमैत्री सौचालय रहेको,<br>✓ फोहोरमैला व्यवस्थापन राम्रो रहेको,<br>✓ क्वारेन्टाइन स्थल प्रहरी चौकी नजिकै | ✓ क्वारेन्टाइन रहेको कोठाहरुको सरसफाइ गर्नुपर्ने ।<br>✓ आइसोलेसन बनाउनुपरेको अवस्थामा अलग शौचालय बनाउनुपर्ने,<br>✓ इन्टरनेट व्यवस्था गर्नुपर्ने, |

| | |
|---|---|
| रहेको,<br>✓ क्वारेन्टाइनमा बस्नेहरुको लागि खाना ता खानाको राम्रो व्यवस्थापन भएको, | ✓ क्वारेन्टाइन घेरवार गर्नुपर्ने,<br>✓ भान्साकोठा अलग राखी व्यवस्थित गरी चलाउनुपर्ने,<br>✓ आइसोलेसन बनाउनको लागि पर्याप्त कोठा तथा सौचालयको तयारी गर्नुपर्ने, |

**(घ) वडा नं. ५ बोगटीटारः नीलकण्ठ मा.वि क्वारेन्टाइन**

| सकारात्मक पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| ✓ इन्टरनेट, खेल मैदानको सुविधा रहेको,<br>✓ क्वारेन्टाइन घेरवार अवस्था राम्रो रहेको,<br>✓ आइसोलेसन कक्ष सञ्चालनमा रहेको,<br>✓ क्वारेन्टाइनमा बस्नेहरुको लागि खाना तथा खाजाको राम्रो व्यवस्थापन भएको,<br>✓ स्वास्थ्य परिक्षण नियमित रुपमा गरेको,<br>✓ नियमित रुपमा व्यायाम तथा योगाको अभ्यास गराउने गरेको,<br>✓ क्वारेन्टाइनमा बस्नेहरुको लागि हरियो सागसब्जी, अण्डा तथा मासु दिइने गरेको,<br>✓ क्वारेन्टाइनमा तालिम प्राप्त भान्सेको व्यवस्था रहेको,<br>✓ क्वारेन्टाइन स्थलमा आवश्यक स्वास्थ्य सामग्री -मास्क, सानिटाइजर, ग्लोभ्स) हरु उपलब्ध रहेको,<br>✓ सरसफाई सामग्री -झुल, सावुन, मन्जन, ब्रस, चप्पल) आदि उपलब्ध रहेको,<br>✓ सबै कोठामा सिलिङ पङ्खाको व्यवस्था रहेको, | ✓ क्वारेन्टाइन स्थलमा हाल तीन वटा सौचालय रहेकोमा क्वारेन्टाइनमा रहेने व्यक्ति बढी रहने अवस्था देखिएकोले थप सौचालयको व्यवस्था गर्नुपर्ने,<br>✓ क्वारेन्टाइन स्थलमा रहेको व्यक्तिहरुले स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको निर्देशन तथा सुझाव बेवास्ता गरी आधारभूत सावधानी समेत नअपनाई गम्भीर लापरवाही गरेको पाइएकोले क्वारेन्टाइनमा बस्ने व्यक्ति स्वमै पनि आफ्नो तथा समूदायको स्वास्थ्य प्रति जिम्मेवार भई नियमित रुपमा मास्क, सानिटाइजरको उचित प्रयोग गर्ने, नियमित रुपले सावुन पानीले हात धुने, एक अर्काबीचमा भौतिक दुरी कायम राख्ने लगायतका स्वास्थ्य सावधानी अपनाउनुपर्ने । |

(ङ) वडा नं. ४ मनिगाउँ: भुवनेश्वरी प्रा.वि क्वारेन्टाइन

| सकारात्मक पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| ✓ महिला तथा पुरुष को लागि अलग अलग सौचालय रहेको<br>✓ इन्टरनेट, खेल मैदानको सुविधा रहेको,<br>✓ फोहोरमैला व्यवस्थापन राम्रो रहेको,<br>✓ क्वारेन्टाइन घेरवार अवस्था राम्रो रहेको,<br>✓ आइसोलेसन कक्ष बनाइएको तथा कोभिड १९ सङक्रमित राखिएको,<br>✓ क्वारेन्टाइनमा बस्नेहरुको लागि खाना तथा खाजाको राम्रो व्यवस्थापन भएको,<br>✓ हरियाली वातावरणमा समूदायबाट टाढा रमणिय स्थानमा क्वारेन्टाइन बनाइएको,<br>✓ हात धुने पर्याप्त पानी, सुरक्षित ट्याङकी रहेको, | ✓ सौचालय भएतापनि पर्याप्त नभएकोले थप गर्नुपर्ने । |

## २.२ कोभिड १९ अन्तर्गत भएको आय तथा व्ययको विवरण

यस गाउँपालिकाले कानुन तर्जुमा गरी विपद व्यवस्थापन कोषको स्थापना गरेको थियो । यसै सन्दर्भमा, विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको संक्रमणबाट उत्पन्न भएको विसम परिस्थितिलाई व्यवस्थापन गर्न असंगठित क्षेत्रमा कार्यरत व्यक्तिलाई राहत उपलब्ध गराउन, औषधी खरिद गर्न, जोखिमयुक्त स्थानमा काम गर्ने कर्मचारीहरुलाई भत्ताको व्यवस्था गर्न, प्रहरी कर्मचारीलाई खाजा खर्च लगायतका विषयमा लाग्ने खर्चको व्यवस्थापन गर्नको लागि विपद् व्यवस्थापन कोषको स्थापना गरिएको थियो । यस कोषको स्थापनापछि मिति २०७७ असार मसान्तसम्म यस कोषमा भएको आम्दानी र खर्चको विवरण यस प्रकार छ ।

**(क) आम्दानीको विवरण**

| क.स. | विवरण | आम्दानी रकम | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय क्लबबाट सहयोग प्राप्त | १५०,०००.०० | |
| २ | उत्तरगया गाउँकार्यपालिकाको निर्णय अनुसार गाँउपालिका विपद् व्यवस्थापन कोषबाट प्राप्त | १५००,०००.०० | |
| ३ | प्रदेश सरकारबाट प्राप्त सहयोग | १०००,०००.०० | |
| ४ | गाँउपालिका विपद् व्यवस्थापन कोषबाट | ३४८,७०००.०० | |
| ५ | उत्तरगया गाउँकार्यपालिकाको निर्णय अनुसार गाँउपालिका विपद् व्यवस्थापन कोषबाट प्राप्त | १३००,०००.०० | |
| ६ | गाउँपालिकाका कर्मचारीको चैत्र महिनाको तलबभत्ताबाट रकम कट्टा गरि जम्मा गरिएको | १८३,६७७.०० | |
| | जम्मा रकम | ७६,२०,६७७.०० | |

(ख) खर्चको विवरण

उत्तरगया गाँउपालिकाको विपद् व्यवस्थापन कोषबाट भएको खर्चको विवरण

| सि.न | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| १ | राहत वितरण | ३,७३२,५६८.०० | |
| २ | स्वास्थ्य सामाग्री खरीद | १५५,९८५.०० | |
| ३ | क्वारेँन्टाइन निर्माण तथा व्यवस्थापन खर्च | १,०६८,५८७.०० | |
| ४ | प्रहरी चेक्कपोष्ट निर्माण | ७३,२७१.०० | |
| ५ | कोभिड १९ सचेतना कार्यक्रम | २७,६८०.०० | |
| ६ | हेल्पडेक्स लागी सामाग्री खरीद | २२,९४०.०० | |
| ७ | हेल्पडेक्स घरभाडा | ९,०००.०० | |
| ८ | प्रहरी कर्मचारी तथा स्वास्थ्यकर्मी लाई क्वारेँन्टाइन र हेल्पडेस्क काम गरेबाफत भत्ता | १,६०४,२५०.०० | |
| ९ | एम्बुलेन्श खर्च | ३५८,०५०.०० | |
| | जम्मा | ७,०५२,३३१.०० | |

२.२.१ वडागत रुपमा भएको खर्चको विवरण

(क) राहतमा भएको खर्च

## विपद् व्यवस्थापन कोषबाट भएको खर्चको विवरण वडा नं. १

| मिति | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| २०७७.०२.१३ | वडा नं १ को प्रथम चरणको राहत वितरण | ४७१,६४५.०० | |
| २०७७.०३.३० | वडा नं १ को दोस्रो चरणको राहत वितरण | ४९९,९११.०० | |
| २०७७.०३.३० | वडा नं १ को दोस्रो चरणको राहत वितरण | ४४१,६५५.०० | |
| २०७७.०३.२६ | वडा नं १ को राहत सामाग्री ढुवानी खर्च | १५,०००.०० | |
| २०७७.०२.०४ | वडा नं १ मा अध्यक्षताद्धारा वितरण गरिएको साबुन,मास्क आदी खर्च | ३०,२४०.०० | |
| २०७७.०२.०६ | वडा नं १ मा अध्यक्षताद्धारा वितरण गरिएको साबुन,मास्क आदी खर्च | ४,०५०.०० | |
| २०७७.०२.११ | वडा नं १ को राहत सामाग्री तिरु सम्म पुऱ्याउँदाको ढुवानी खर्च | ४२,०००.०० | |
| | जम्मा खर्च | १,५०४,५०१.०० | |

## विपद् व्यवस्थापन कोषबाट भएको खर्चको विवरण वडा नं. २

| मिति | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| २०७७.०१.११ | वडा नं २ को प्रथम चरणको राहत वितरण | ९९,४१५.०० | |
| २०७७.०२.२६ | वडा नं २ को दोस्रो चरणको राहत वितरण | ४९२,४७०.०० | |
| २०७७.०२.२६ | वडा नं २ को दोस्रो चरणको छुट राहत वितरण | ९३,०७३.०० | |
| | जम्मा खर्च | ६८४,९५८.०० | |

## विपद् व्यवस्थापन कोषबाट भएको खर्चको विवरण वडा नं. ३

| मिति | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| २०७७.०१.११ | वडा नं ३ को प्रथम चरणको राहत वितरण | ९९,३९५.०० | |
| २०७७.०३.९ | वडा नं ३ को दोस्रो चरणको राहत वितरण | ४१९,६१८.०० | |
| | जम्मा खर्च | ५१९,०१३.०० | |

## विपद् व्यवस्थापन कोषबाट भएको खर्चको विवरण वडा नं. ४

| मिति | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| २०७७.०१.११ | वडा नं ४ को प्रथम चरणको राहत वितरण | १३७,४२१.०० | |
| २०७७.०३.११ | वडा नं ४ को दोस्रो चरणको राहत वितरण | १६४,९००.०० | |
| | **जम्मा खर्च** | ३०२,३२१.०० | |

## विपद् व्यवस्थापन कोषबाट भएको खर्चको विवरण वडा नं. ५ को

| मिति | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| २०७७.०१.११ | वडा नं ५ को प्रथम चरणको राहत वितरण | ३२१,९२०.०० | |
| २०७७.०३.०१ | वडा नं ५ को दोस्रो चरणको राहत वितरण | ३१५,४३८.०० | |
| | **जम्मा खर्च** | ६३७,३५८.०० | |
| | | ३,६४८,१५१.०० | |
| | | | |

## गापाबाट विपद् व्यवस्थापन कोषबाट भएको खर्चको विवरण

| मिति | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| २०७७.०२.२० | वडामा राहत सामाग्री ढुवानी खर्च | ५३,०००.०० | |
| | | | |
| २०७७.०२..२१ | वडामा राहत सामाग्री ढुवानी खर्च | ३१,४१७.०० | |
| | जम्मा | ८४,४१७.०० | |
| | | | |
| | | ३,७३२,५६८.०० | |

**(ख) क्वारेन्टाइनमा भएको खर्च**

विपद् व्यवस्थापन कोषबाट भएको खर्चको  विवरण वडा नं. १ को

| मिति | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| २०७७.०२.२६ | वडा नं १ को क्वारेँन्टाइन निर्माण तथा व्यवस्थापन गर्न | १००,०००.०० | |
| २०७७.०३.३० | वडा नं १ को क्वारेँन्टाइन निर्माण तथा व्यवस्थापन गर्न | १४,६५४.०० | |
| | जम्मा | ११४,६५४.०० | |

विपद् व्यवस्थापन कोषबाट भएको खर्चको  विवरण वडा नं. २ को

| मिति | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| २०७७.०१.३१ | वडा नं २ को क्वारेन्टाइन खाना खर्च | २५,०२०.०० | |
| २०७७.०३.१४ | वडा नं २ को क्वारेन्टाइन खाना खर्च | ३३,४५५.०० | |
| | जम्मा | ५८,४७५.०० | |

विपद् व्यवस्थापन कोषबाट भएको खर्चको
विवरण वडा नं. ३ को

| मिति | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| २०७७.०१.२८ | वडा नं ३ को क्वारेन्टाइन खाना खर्च | १८,१९०.०० | |
| २०७७.०२.२२ | वडा नं ३ को क्वारेँन्टाइन निर्माण तथा व्यवस्थापन गर्न | २०,०००.०० | |
| २०७७.०३.१७ | वडा नं ३ को क्वारेन्टाइन खाना खर्च | १९,९५०.०० | |
| | जम्मा | ५८,१४०.०० | |

## विपद् व्यवस्थापन कोषबाट भएको खर्चको विवरण वडा नं. ४ को

| मिति | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| २०७७.०२.१५ | वडा नं ४ को क्वारेँन्टाइन निर्माण तथा व्यवस्थापन गर्न | १००,०००.०० | |
| २०७७.०३.२५ | वडा नं ४ को क्वारेँन्टाइन व्यवस्थापन खर्च | ३३,०४५.०० | |
| | | १३३,०४५.०० | |

## विपद् व्यवस्थापन कोषबाट भएको खर्चको विवरण वडा नं. ५ को

| मिति | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| २०७७.०२.२२ | वडा नं ५ को क्वारेँन्टाइन निर्माण तथा व्यवस्थापन गर्न | १००,०००.०० | |
| २०७७.०३.०५ | वडा नं ५ को क्वारेँन्टाइन व्यवस्थापन खर्च | ५७,९००.०० | |
| २०७७.०३.११ | वडा नं ५ को क्वारेँन्टाइन व्यवस्थापन खर्च | ४०,०००.०० | |
| २०७७.०३.२३ | वडा नं ५ को क्वारेँन्टाइन निर्माण तथा व्यवस्थापन गर्न | ४२,११७.०० | |
| २०७७.०३.२६ | वडा नं ५ को क्वारेँन्टाइन व्यवस्थापन भान्से खर्च | २१,०२५.०० | |
| | जम्मा | २६१,०४२.०० | |

## गाँपाबाट खर्च विपद् व्यवस्थापन कोषबाट भएको खर्चको विवरण को

| मिति | विवरण | खर्च विवरण /रकम | कैफियत |
|---|---|---|---|
| २०७७.०१.१६ | वडा नं २,३ को क्वारेँन्टाइन व्यवस्थापन खर्च | ३५८,६०६.०० | |
| २०७७.०१.३१ | क्वारेँन्टाइन आवश्यक कपडा लगायत सामग्री खरीद | ७८,३७५.०० | |
| | | ४३६,९८१.०० | |
| | | १,०६८,५८७.०० | |

## परिच्छेद ३: निष्कर्ष

रसुवा जिल्ला प्रवेश गर्ने नाका पनि पर्ने भएकोले जिल्ला बाहिरबाट बेत्रावती हुदै प्रवेश गर्ने व्यक्तिहरुको आवागमन नियन्त्रण तथा व्यवस्थापन गनुपर्ने जिम्मा स्वत: उत्तरगया गाउँपालिकाको भएकोले यस उत्तरगया गाउँपालिकाले सिङगो रसुवा जिल्लालाइ नै कोभिड-१९ को जोखिमबाट जोगाउने काम गरेको छ । २०७६ माघ १२ गते नेपालमा पहिलो कोरोना सङक्रमण पुष्टि भएको हो । २०७६ चैत्र ०९ गते दोस्रो सङक्रमणको केश देखिएसँगै नेपालमा चैत्र ११ देखि बन्दाबन्दीको अवस्था रह्यो । बन्दाबन्दी अवधीभर निरन्तर रुपमा कोभिड सङक्रमणका बिरामीहरु बिभिन्न जिल्लामा भेटिदै गए । रसुवा जिल्लामा २०७७ असार १४ गतमात्रै पहिलो कोरोना सङक्रमण भटिएको हो र कोरोना सङक्रमित भेटिने अन्तिम अर्थात ७७औ जिल्ला रसुवा हुनुमा यस उत्तरगया गाउँपालिकाले अपनाएका जनस्वास्थ्य मापदण्ड तथा बेत्रावती लगायतका प्रवेश नाकामा गरिएको कडाई नै मूख्य कारण हो । रसुवा जिल्लालाई असार १४ गतेसम्म सुरक्षित राख्न यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधी, कर्मचारी, सुरक्षाकर्मीहरुको अथक मेहेनत तथा समाजसेवी, गैर-सरकारी सँघ-संस्थाहरुको समन्वय र सहकार्यबाट सम्भव भएको हो । यसरी कोभिड १९ को संकटमा हातेमालो गर्नुहुने सङ्घिय तथा प्रदेश सरकार, जनप्रतिनिधी, कर्मचारी, सुरक्षाकर्मी, नागरीक समाज, व्यक्ति, समुदाय, संगठन, पेशागत व्यवसायी, गैर-सरकारी संघ-संस्था, राजनीतिक दल, आम सञ्चार जगतप्रति उत्तरगया गाउँपालिका क्वारेन्टाइन अध्ययन, अनुगमन तथा छानविन समिति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछ । अनुगमन तथा प्रतिवेदन तयार गर्न विशेष योगदान गर्नुहुने यस गाउँपालिकाका कर्मचारी अधिकृत श्री बलदेव न्यौपाने तथा पूर्णिमा परियोजनाका योजना सल्लाहकार श्री कुमार क.सी. लाई विशेष धन्यवाद ज्ञापन गर्दछौं

मानव अस्तित्वमा समेत प्रश्न उठ्ने गरी फैलिएको विश्वव्यापी माहामारीको यस विषम परिस्थितीमा यस माहामारी विरुद्ध लड्न सरकार, जनप्रतिनिधी, कर्मचारीबाट मात्र सम्भव नभएकोले नागरिक समाज र आम सञ्चार जगतको समेत नैतिक मर्यादा तथा पेशागत उत्तरदायित्व रहेको हुन्छ । यसर्थ कोभिड १९ बिरुद्धको यस लडाइमा सबै आ-आफ्नो व्यक्तिगत तथा सामूहिक स्वार्थबाट माथि उठी जनस्वास्थ्य संकटको सामना गर्न मन, वचन र कर्मले लागिपर्नु नै वर्तमान समयको आवश्यकता हो ।

संयोजक
चमेली गुरुङ
क्वारेन्टाइन अनुगमन समिति

## अनुसूचीहरु

### अनुसूची १ : अनुगमन तथा अध्ययन समिति गठन गरिएको पत्र

उत्तरगया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा,रसुवा

*बागमती प्रदेश, नेपाल*

प.सं -२०७७/०७८
च.न १८५

मिती :-२०७७/०४/१२

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
उत्तरगया गाउँपालिकाको कार्यालय,
स्याल्टे, रसुवा ।

विषय : आवश्यक अनुगमन र छानविनको लागि समिति गठन गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा, कोभिड-१८ को नियन्त्रण र संक्रमण रोकथामको लागि नेपाल सरकारको निर्णय अनुसार उत्तरगया गाउँपालिकाको व्यवस्थापकियमा स्थापना गरिएको क्वारेन्टीन संचालन र व्यवस्थापनमा सामाजिक सन्जालहरुमा उठाइएका सन्दर्भ प्रति मेरो गम्भिर ध्यानाकर्षण भएको छ। यस सन्दर्भमा नागरिकहरूबाट आएका सकारात्मक सुझावहरु प्रति अध्ययन गरि गाउँपालिका भित्र स्थापना गरिएका क्वारीन्टीनहरूको व्यवस्थापन र संचालनको अवस्थाको अनुगमन र अध्ययन गरि आवश्यक सुझाव र सुधारको लागि प्रतिवेदन पेश गर्न यस गाउँपालिकाकि उपाध्यक्ष एव गाउँपालिका अनुगमन समितिकि संयोजक श्री चमेली गुरूङको संयोजकत्वमा पाँचै वडाका वडा अध्यक्ष ज्यूहरु, स्वास्थ्य शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरि अनुगमन अध्ययन र छानबिन समिति गठन गरेको छु। मिति २०७७।०५।१८ गते भित्र यस समितिले आवश्यक क्वारीन्टीन स्थलको स्थलगत निरिक्षण समेत गरि आवश्यक राय सुझाव गाउँपालिका अध्यक्ष समक्ष प्रतिवेदन बुझाउनुहुन अनुरोध गर्दछु । यस सम्बन्धी सबै जानकारी समितिका अन्य पदाधिकारीहरूलाई पत्रद्वारा गराई तोकिएको समय भित्रमा कार्यादेश पुरा गर्न निर्देशन गर्दछु ।

धन्यवाद ।

उपेन्द्र लम्साल
अध्यक्ष

उपेन्द्र लम्साल
अध्यक्ष

अनुसूची २ : गाउँपालिकाबाट वितरित पहिलो चरणको राहतको वडागत विवरण

गाउँ कार्यपालिकाको कार्यालय

मिति २०७७।०२।०२

विषय : राहात वितरणको विवरण सम्बन्धमा ।

प्रस्तुत विषयमा कोरोना भाईरस (कोभिड–१९)का कारण उत्पन्न भएको प्रतिकूल अवस्थाबाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग, विपन्न (भूकम्प पिडित समेत) व्यक्ति तथा परिवार र असहाय वर्गहरुलाई दैनिक जीवनयापनका लागि यस उत्तरगया गाउँपालिका बाट गरिएको राहात वितरणको विवरण देहाय बमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु ।

| वडा | राहत प्राप्त गर्ने जम्माघर परिवार संख्या | परिवार संख्याको आधारमा राहत प्याकेजको | | राहतको विवरण | राहत वितरण मिति |
|---|---|---|---|---|---|
| | | पूर्णरुपमा पाउने | आधामात्र पाउने | | |
| १ | ६२६ | ६२६ | ० | ३० के.जी चामल | २०७७ बैशाख ४,५,६,७,८र ११ |
| २ | ३५ | २४ | ११ | ३० के.जी चामल,३ के.जी दाल,२ प्याकेट नुन, २ लीटर खाने तेल ,४ बटा साबुन,२ केजी चीनि | २०७६ चैत २६ |
| ३ | ३५ | २१ | १४ | " " | २०७६ चैत २६ |
| ४ | ७६ | ३२ | ४४ | " " | २०७६ चैत २७ |
| ५ | १४६ | १३३ | १३ | " " | २०७६ चैत २९ र ३० |
| जम्मा | ९१८ परिवार | ८३६ | ८२ | | |

अर्जुन खड्का

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३ : गाउँपालिकाबाट वितरित दोस्रो चरणको राहतको वडागत विवरण

उत्तरगया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल

मिति २०७७/०३/०२

जो जस संग सम्बन्धीत छ।

विषय : राहत वितरण सम्बन्धमा ।

प्रस्तुत विषयमा कोरोना भाईरस (कोभिड-१९) को कारण सृर्जना प्रतिकूल अवस्थाबाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग, विपन्न (भुकम्प पिडित समेत) व्यक्ती तथा परिवार र असहाय व्यक्तिहरूलाई दैनिक जिवनयापनका लागि यस उत्तरगया गाउँपालिकाबाट दोस्रो चरणमा वितरण गरिएको राहत विवरण तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु ।

तपसिल

| वडा | राहत प्राप्त गर्ने जम्मा घर परिवार संख्या | परिवार संख्याको आधारमा राहत प्याकेज | | राहतको विवरण | राहत वितरण मिति |
|---|---|---|---|---|---|
| | | पूर्ण रुपमा पाउने | आधामात्र पाउने | | |
| १ | ६५० | ६५० | ० | चामल, दाल, तेल, पिठो | २०७७/०२/२१ देखी २७ गते सम्म |
| २ | ४३८ | ४३८ | ० | चामल, दाल, तेल, पिठो | २०७७/०२/१५-१६ |
| ३ | ३६३ | ३५१ | १२ | चामल, दाल, तेल, पिठो | २०७७/०२/१८-१९ |
| ४ | २७६ | २७६ | ० | चामल, दाल, तेल | २०७७/०२/२० |
| ५ | ३६१ | ३३२ | ४६ | चामल, दाल, तेल, मैदा | २०७७/०२/२० |
| जम्मा | २११८ | २०४७ | ५८ | | |

०३/०२

अर्जुन सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

"सभ्य समृद्ध उत्तरगया हाम्रो शान, कृषी जलस्रोत पर्यटन विकासको अभियान"

अनुसूची ४ : अनुगमनको क्रममा लिइएका तस्विरहरु







श्री नीलकण्ठ मा. वि.
क्वारेन्टाइन स्थल
अनुमती बिना प्रवेश
५ नं. वडा कार्यालय

